# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।२४

## शोक विज्ञप्ति

फोटो पत्रकार भास्वर ओझाको ४६ बर्षको उमेरमा भएको असामयिक निधनको दुःखद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ ।

जन्डिसको संक्रमण बढेपछि उपचारका लागि महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना भएका ओझाको उपचारकै क्रममा २०८३ असार २२ गते सोमबार निधन भएको महासंघको एसोसिएट संस्था फोटो पत्रकार क्लबले जनाएको हो । स्वर्गीय ओझाका श्रीमती र एक छोरी हुनुहन्छ ।

दुई दशकभन्दा बढी फोटो पत्रकारितामा सक्रिय रहेका ओझाले नागरिक, रिपब्लिका र कान्तिपुर दैनिकलगायतमा काम गर्नुभएको थियो । पछिल्लो समय स्वतन्त्र फोटो पत्रकारका रुपमा सक्रिय रहेका ओझाको निधनले नेपाली फोटो पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु पत्रकार गुमाएको छ ।

महासंघ स्वर्गीय ओझाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org